म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- २७० २०८० भदौ ९ गते शनिबार 26 August 2023, Saturday - पृष्ठ ४ मूल्य रु. ५/-

## बागमती खोलामा शव फेला

हेटौंडाः मकवानपुर जिल्लाको भीमफेदी गाउँपालिका–८, माण्डु नजिकै बागमती खोलामा शव फेला परेको छ । बिहीबार बिहान १० बजेर ३० मिनेटको समयमा अन्दाजी ४० वर्षीया महिलाको शव बरामद भएको मकवानपुरका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिनुभयो ।

शवको परिचय खुल्न सकेको छैन । दुई साताअघि ३५ वर्षीय पुरुष र १७ वर्षीया किशोरीको शव पनि माण्डु नजिकै बागमती खोलामा फेला परेको थियो । दुई साताअघि फेला परेको शवको पनि परिचय खुल्न सकेको छैन ।

# साहित्यकार तुल्सी थापाको निधन



समाज संवाददाता

हेटौंडाः साहित्यकार तुल्सी थापाको निधन भएको छ । ७८ वर्षको उमेरमा शुक्रबार बिहान चितवनस्थित पुरानो मेडिकल कलेजमा उपचारको क्रममा थापाको निधन भएको हो । थापालाई निमोनिया, मधुमेह, रक्तचापसम्बन्धी समस्या थियो ।

साहित्यकार निमेष निखिलका अनुसार थापाको पार्थिव शरीर शनिबार बिहान चितवन जिल्लाको देवघाटमा अन्त्येष्टी गरिनेछ । मकवानपुर जिल्लाको भीमफेदी गाउँपालिका भैँसेमा वि.सं. २००२ असोज ३ गते आमा उमादेवी थापाको कोखबाट साहित्यकार तथा शिक्षासेवी थापाको जन्म भएको थियो ।

भीमफेदी गाउँपालिकाको महेन्द्र माध्यमिक विद्यालयबाट वि.सं. २०३३-०३४ मा शिक्षा सेवा गणना सुरु गर्नुभयो र थाहा नगरपालिकामा रहेको जनकल्याण माध्यमिक विद्यालय पालुङमा २०३४-०३६ मा प्रधानाध्यापकको भूमिका निर्वाह गर्नुभएको थियो । यसैगरी उहाँले (बीचमा अन्तरमन्त्रालय काजसेवा) काज सेवामा प्रजा विकास अधिकृतको रुपमा काम गर्नुभयो । उहाँ चेपाङ विकास परियोजनाअन्तर्गत चेपाङ बसोबास क्षेत्र मकवानपुर, चितवन, धादिङ जिल्लामा रहेर काम गर्नुभयो ।

शिक्षण पेशाबाट निवृत्त हुनुभएपछि थापाले साहित्यमा विशेष योगदान दिनुभएको छ । थापाको दाना कविता संग्रह "एक निमेष अनन्तको (२०५८)", "अमर सिंहको खोजीमा अमर सिंह नाटक (२०६१)" र कथासंग्रह "फरक आकाश (२०७२)" प्रकाशित छन् । थापाले कविता विधामा नयाँ दाना कविताको सुरुवात समेत गर्नुभएको छ । थापा भीम विराग संगीत, साहित्य, कला प्रतिष्ठानका पूर्व अध्यक्ष समेत हुनुहुन्थ्यो । थापाले गोरखा दक्षिण बाहु चौथो (२०४४), नारायणी वाङ्मय पुरस्कार (२०५८) सहित विभिन्न सम्मान प्राप्त गर्नुभएको छ । सरकारी शिक्षकबाट निवृत्त पश्चात् थापाले हेटौँडाका २ वटा संस्थागत विद्यालयमा एकेडेमिक एडभाइजर र प्रधानाध्यापकको भूमिका समेत निर्वाह गर्नुभएको थियो ।

# डेंगुको प्रकोप बढदो

समाज संवाददाता

हेटौंडाः मकवानपुरमा डेंगुको प्रकोप दिन प्रतिदिन बढ्न थालेको छ । शुक्रबार पनि १२ जना मानिसमा यसको संक्रमण देखिएको छ । पछिल्लो २४ घण्टाको अवधिमा १२ जनामा डेंगु पुष्टि भएको हो ।

डेंगु पुष्टि हुनेमध्ये धेरै हेटौंडा उपमहानगरपालिकाका बासिन्दा रहेका छन् । शुक्रबार डेंगु संक्रमण हुनेमध्ये ६ जना हेटौंडा उपमहानगरपालिकाका रहेको जनस्वास्थ्य कार्यालय मकवानपुरका डेंगु फोकल पर्सन नवदीप सिलवालले बताउनुभयो ।

यसैगरी मनहरी गाउँपालिकाका ५ जना र बकैया गाउँपालिकाका एक जनामा डेंगु संक्रमण पुष्टि भएको छ । मकवानपुरमा साउनयता २ सय ४८ जनामा डेंगु पुष्टि भएको छ भने एक जनाको मृत्युसमेत भइसकेको छ । हेटौंडा उपमहानगरपालिकामा साउनयता शुक्रकारसम्म १ सय ७२ जनामा डेंगु भइसकेको छ । जसमध्ये ८४ पुरुष र ८८ महिलामा डेंगु देखिएको सिलवालले बताउनुभयो ।

यस्तै, हेटौंडा अस्पतालमा शुक्रबार २ जनामा डेंगु पुष्टि भएको छ । अस्पतलमा २४ घण्टामा ४४ जनाले डेंगु जाँच गरेका छन् । जाँच गराएका ४४ जनामध्ये १ पुरुष र १ महिलामा डेंगु संक्रमण देखिएको हेटौंडा अस्पतालका प्रयोगशाला प्राविधिक राजकुमार शर्माले जानकारी दिनुभयो । शर्माका अनुसार डेंगु जाँच गर्न बिरामी निरन्तर आउने गरेका छन् ।

अस्पतालमा डेंगु किटका कारण धेरै सहयोग पुगेको उहाँले बताउनु भयो । एउटा डेंगु किटले व्यक्तिगतरुपमा जाँच गर्ने गरिएको छ । अहिले अस्पतालमा डेंगु किटको अभाव नभएको उहाँले बताउनुभयो । अस्पताललाई डेंगु किट टेन्डरमार्फत् प्राप्त भइरहेको छ । मानिसमा ज्वरो आएको ७२ घण्टापछि डेंगु जाँच गर्दा प्रभावकारी हुने शर्माले बताउनुभयो । हेटौंडा अस्पतालले दैनिक ५० जनाको हाराहारीमा डेंगु जाँच गरिरहेको छ ।

# लागुऔषध गाँजासहित ३ जना पक्राउ

समाज संवाददाता

हेटौँडाः मकवानपुर प्रहरीले लागुऔषध गाँजासहित तीन जनालाई पक्राउ गरेको छ । शुक्रबार हेटौँडाको विभिन्न स्थानबाट उनीहरुलाई लागुऔषधसहित पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता टेक बहादुर कार्कीले जानकारी दिनुभयो ।

पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौँडा-१९, नेवारपानीमा शुक्रबार बिहान ४ बजेको समयमा प्रहरी सहायक निरीक्षक कृष्णकान्त न्यौपानेको कमाण्डमा खटिएको प्रहरी टोलीले मनहरीबाट हेटौँडातर्फ आउँदै गरेको प्रदेश २-०३-००१ च २५२५ नम्बरको पिकअप गाडी रोकी सुरक्षाजाँच गर्दा गाडीमा लुकाएर ल्याएको ४१ किलो ३ सय ग्राम गाँजा फेला पारी एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा गाडी चालक बारा जिल्लाको जितपुर सिमरा उपमहानगरपालिका-११ का २७ वर्षीय नारायण साह गुण रहेको प्रहरीले जनाएको छ ।

यस्तै, शुक्रबार बिहान ८ बजेको समयमा पूर्वपश्चिम राजमागअन्तर्गत हेटौँडा-१५, रातोमाटेस्थित प्रहरी चेकपोष्टबाट प्रहरी वरिष्ठ नायव निरीक्षक मञ्जु कुमारी रानाको कमाण्डमा खटिएको टोलीले नारायणघाटबाट वीरगञ्जतर्फ जाँदै गरेको बागमती प्रदेश ०३-००१ ख २७५८ नम्बरको बसलाई रोकेर सुरक्षाजाँच गर्दा बसमा सवार पर्साको बहुद्रामाई नगरपालिका-६ का ४७ वर्षीय हिरालाल साह र बाराको बस्तिपुरका ४८ वर्षीय धुरन साहलाई लागुऔषधसहित पक्राउ गरेको छ । दुवै जनालाई शंका लागेर सुरक्षाजाँच गर्दा उनीहरुले बोकेको झोलाभित्र ५ किलो गाँजा फेला परेको जनाएको छ । लागुऔषसहित पक्राउ परेका तीनै जनालाई नियन्त्रणमा लिएर थप अनुसन्धान गरिरहेको प्रहरी प्रवक्ता कार्कीले बताउनुभयो ।

# भारतीय नागरिकको शव भारत पठाइयो

समाज संवाददाता

हेटौंडाः बुधबार राती मकवानपुर र बाराको सीमा क्षेत्र चुरियामाई मन्दिर नजिकै दुर्घटनामा परी मृत्यु भएका भारतीय नागरिकको शव भारततर्फ पठाइएको छ । भारतीय दूतावासमार्फत भारतीय नागरिकको शव भारत पठाइएको मकवानपुरका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिनुभएको छ । दुर्घटनामा परी मृत्यु भएका महोत्तरीका एकजनाको शव भने हेटौँडा अस्पतालमै छ ।

बुधबार राती साढे २ बजेको समयमा काठमाडौंबाट जनकपुरतर्फ जाँदै गरेको प्रदेश ०३-००१ ख ७९९४ नम्बरको बस दुर्घटना हुँदा महोत्तरी जिल्लाको लोहार पट्टि बस्ने ४१ वर्षीय विजय लाल पण्डितसहित भारतीय नागरिक भारत राजस्थानका बहादुर सिंह, मिरा देवी, श्रीकान्त चतुर्वेदी, सत्यवती, राजेन्द्र चतुर्वेदी र वैजनती देवीको मृत्यु भएको थियो । उनीहरू ६० वर्षदेखि ७० वर्ष उमेर समूहका रहेका छन् ।

दुर्घटनामा परी १७ जना घाइते भएका थिए । घाइते मध्ये ४ जनाको चितवनमा उपचार भइरहेको छ भने ११ जनाको हेटौँडामा उपचार भइरहेको छ । २ जना भने डिस्चार्ज भइसकेका छन् । प्रहरीले जनकपुर-७ का जिलामी खानसहित उनका सहयोगी सहचालक अन्य २ जना गरी ३ जनालाई जनकपुरबाट घाइते अवस्थामा नियन्त्रणमा लिएको छ ।

# माओवादी विशेष अभियानको तयारी सुरु

समाज संवाददाता

हेटौंडाः नेकपा माओवादी केन्द्रले देशव्यापी सञ्चालन गर्न लागेको 'जनतासँग माओवादी विशेष रुपान्तरण अभियान'अन्तर्गत् मकवानपुरमा पनि तयारी सुरु भएको छ । नेकपा माओवादी जिल्ला समन्वय समिति मकवानपुरका संयोजक सर्केश घलानले अभियानका लागि मकवानपुरमा तयारी तीव्ररुपमा सुरु भएको बताउनुभयो ।

अभियानबारेमा छलफल गर्न आगामी मंगलबार पार्टी जिल्ला कमिटीको बैठक बस्ने अध्यक्ष घलानले बताउनुभयो । बैठकले जिल्लाका पालिकाहरुमा जिल्ला कमिटी सदस्यहरुको जिम्मेवारी हेरफेर गरी पठाउने उहाँले बताउनुभयो । यस्तै, वडाहरुमा पनि जिम्मेवारी हेरेफेर हुने उहाँले बताउनुभयो ।

तीन महिने अभियानमा सबै जनताको घरघरमा पुग्ने उहाँले बताउनुभयो । सरकारको कामबारे जनतासँग बुझ्ने, जनताहरुको गुनासो सुन्ने र सरकार र पार्टीले के गर्दा हुन्छ भन्ने सुझाव लिने उहाँले जानकारी दिनुभयो । यस्तै, पार्टी सदस्यता नवीकरण गर्ने, बाँकी कमिटीहरुलाई पूर्णता दिने, भातृ संठगनहरुलाई सशक्तरुपमा परिचालन गर्ने र सहिद परिवारलाई भेटेर अभियानलाई सफल बनाउने उहाँले बताउनुभयो । तीन महिने अभियान सकिएपछि जिल्लाबाट आएको रिपोर्टको केन्द्रीय बैठकमा समीक्षा हुने उहाँले बताउनुभयो ।

आगामी भदौ १६ गते देशव्यापीरुपमा पार्टी अध्यक्ष एवम् प्रधानमन्त्री पुष्पकमल दाहालले अभियानको उद्घाटन गर्नुहुनेछ । कार्यक्रम मंसिर १५ गतेसम्म सञ्चालन हुनेछ ।

## माओवादी अभियानका लागि बकैयाले जिम्मेवारी तोक्यो

हेटौंडाः नेकपा माओवादी केन्द्रले देशव्यापी सञ्चालन गर्न लागेको 'जनतासँग माओवादी विशेष रुपान्तरण अभियान'अन्तर्गत् मकवानपुरको बकैया गाउँपालिकाले वडा तहमा जिम्मेवारी तोकेको छ । बिहीबार बसेको पार्टी पालिका कमिटीको बैठकले वडा तहमा जिम्मेवारी तोकेको पार्टी पालिका कमिटीका अध्यक्ष भक्तबहादुर खत्रीले जानकारी दिनुभयो । अध्यक्ष खत्रीले ११ नम्बर वडाको जिम्मेवारी सम्हाल्नुहुने भएको छ । यस्तै, १ नम्बर वडामा लोकनाथ गौतम, २ नम्बर वडामा विमल नेपाल, ३ मा ज्ञान सागर लामा, ४ मा परशुराम गौतम, ५ मा इन्द्र गौतम, ६ मा शंकर बानियाँ, ७ मा रामहरि गौतम, ८ मा नवराज चौलागाई, ९ मा भवनाथ तिमल्सिना, १० मा अर्जुन वाईबा र १२ नम्बर वडामा चन्द्रबहादुर न्यासुरलाई जिम्मेवारी तोकिएको छ ।




## मकवानपुर सुनचाादी व्यवसायी संघको

### साधारणसभा सम्बन्धी सूचना

मकवानपुर सुनचाँदी व्यवसायी संघको नवौं साधारण सभा तपसील बमोजिम आयोजना गरिएको हुँदा सम्पूर्ण साधारण सदस्य ज्युहरुलाई अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**तपसील**
मिति: २०८० भाद्र १६ गते शनिबार
स्थान: पल्पसा प्याराडाइज, हेटौँडा-२
समय: बिहान ९:०० बजेदेखि

**पवन कुमार शाक्य**
**अध्यक्ष**
**मकवानपुर सुनचाँदी व्यवसायी संघ**

## बाढी/पहिरो जस्ता विपद्को जोखिमबाट बच्न र बचाउन हार्दिक अनुरोध

**बाढी/पहिरो नियन्त्रणका तत्कालीन उपाय**
- आफ्नो गाउँघरका माथिल्ला भागबाट गहिरो कुलो काटी पानीको उचित व्यवस्थापन गर्ने ।
- कतै जमिन चिरा परेको देखेमा त्यसभित्र पानी नछिर्ने गरी टाल्ने ।
- आफ्नो घर तल-माथिको जमिन तथा घरभित्र गहिरो चिरा परेको भएमा तुरुन्त सुरक्षित स्थानमा गएर बस्ने ।
- पानीको बहाव बढ्दै ढुङ्गा माटो कटान गरेमा आफू भन्दा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिने ।
- भूकम्पको धक्काले आफ्नो घरवरपर कत्तिको क्षति गरेको छ त्यसको राम्रोसँग निगरानी गर्ने ।
- पहिरो कटान र यसले गर्ने क्षतिको आंकलन गरी विकास निर्माणका कामहरू, जस्तै- बाटो खन्ने, ढुङ्गा निकाल्ने, कुला तथा नहर बनाउने ।

बाढीबाट जोगिन नदी तटीय क्षेत्रमा बस्न हुन्न ।
होचो भूभागमा आवातजावत गर्न हुन्न ।
गाउँ र वस्तीमा बाढी आयो भने उचो भूभागमा जानुपर्छ ।
समूहमा बस्नुपर्छ ।
उचो भूभागमा जाने ठाउँ छैन भने आफ्नो घरको पहिलो, दोस्रो तल्ला वा छतमा बस्न सकिन्छ । छतमा पनि बस्न सक्ने अवस्था भएन भने बाहिरबाट गएका उद्धार टोलीलाई आफ्नो समस्या भन्नुपर्छ ।
बाढी पूर्वानुमान शाखाको पैसा नलाग्ने नम्बर ११५५ मा फोन गरेर कता बाढी जाँदैछ भन्ने थाहा पाउन सकिन्छ ।
संचारमाध्यमबाट आएको सूचनालाई आधार बनाएर सतर्क हुनपर्छ ।
सूचना अनुसार सुरक्षित ठाउँको पहिचान पहिले नै गर्ने र बाढी आइहाले त्यो ठाउँमा जानुपर्छ ।
ठूलो पानी परेपछि जमिन कमजोर हुने भएकाले भिरालो जमिनमा बस्दा उच्च सतर्कता अपनाउनुपर्छ ।
पहिले पहिरो गएका ठाउँमा फेरि पनि पहिरो जाने संभावना धेरै हुने भएकाले त्यस्ता ठाउँको पहिचान गर्नुपर्छ ।
घर भत्किएर जनधनको क्षती हुने भएकाले घर बाहिर निस्किएर बस्नुपर्छ ।
ठूलो पानी परिरहे जोखिमयुक्त क्षेत्र नजिक भए नसुती चनाखो भै बस्नुपर्छ ।

**कैलाश गाउँपालिका**
**मकवानपुर**

# जिन्दगीका गोरेटाहरु

## भाग-२



**प्रमिता कार्की**

हिजोसम्म त ठिकै थियो त ! आज एक्कासि के भो ?' एकातिर आफूलाई ढिलो भैराको थियो र अर्कोतिर यो स्कुटी दिनै खराब चलिराछ क्या हो ? सबै कुरा एकैचोटि आइपर्ने ! 'ड्याडी..ईईईई.!' रुन्चे स्वरमा कराएँ अनि थपेँ' हेर्नुस् न, स्कुटी चलेन अब के गर्नु ? मान्छे बोलाएर बनाउनु है ! आज म अटोमा जान्छु !' भन्दै चाबी ड्याडीको कोठातिर हुर्याएर बाटोमा निस्कें अटो खोज्न ।

यो अटो पनि आफूलाई चाहिएको बेलामा आउँछ र ! नचाहिएको बेलामा पो कता जाने हो भन्दै आउँछ त नि । केही समयको कुराइ पश्चात् बल्लतल्ल एउटा अटो आयो ।

मैले सोधेँ,' नवोदय जानुहुन्छ ?' अटो चालकले सिधै 'बस्नु न' भन्नुभयो । अटोमा बस्दै गर्दा मैले फेरि सोधेँ,' कति हो नि त्यहाँसम्मको भाडा ?' 'सत्तरी हो ।' अटो चालकले फर्काउनु भयो । 'पचास होइन र ? हिजो त म त्यतिमै गएको' मैले फेरि थपेँ । 'होइन नि, सत्तरी नै हो । पेट्रोल यस्तो महँगो छ के गर्नु नानी !' अटो चालकले भन्नुभयो ।

मलाई यो कुरामा धेरै गनगन गर्न मन लागेन र मौन बसेँ । अलि पर पुग्न नपाउँदै अटो चालक दाइको सवाल जवाफ सुरु भयो । तपाईं हरी दाइको बहिनी होइन ? 'हरि रे, को हरि ?' मैले आश्चर्य मान्दै फर्काएँ । रामहरि के त ! उहाँले फेरि थप्नुभयो । 'ए ! उहाँकै म छोरी हो, मेरो अङ्कल हो उहाँ !' मैले हाँस्दै भने । खासमा मेरो ड्याडीको तीन दाजुभाइ, ड्याडी चै जेठो, अटो चालक दाइले कुरा गर्नुभएको चाहिँ माइलो जो काठमान्डु बस्नुहुन्छ र बर्षको एक दुई चोटि काम पर्दा हेटौंडा झर्नुहुन्छ र कान्छो अङ्कल चै आर्मी हुनुहुन्थ्यो तर उहाँ जनयुद्धको समयमा द्वन्दकाल चल्दा जागीरबाट भागेर हराउनुभएको आजसम्म अत्तोपत्तो छैन । त्यतिबेला त म सानो थिएँ । सायद ८/९ बर्ष थिएँ कि ! धेरै माया गर्नुहुन्थ्यो उहाँले अलिअलि सम्झना छ मलाई । उहाँले बडो उत्सुक भएर फेरि प्रश्नको ओहिरो लगाउनुभयो, 'अनि बहिनी पनि हुनुहुन्थ्यो होइन ?' उहाँको प्रश्न सक्किन नपाउँदै मैले फर्काएँ, हो नि ! तर उहाँको बिहे भएर जानुभइसक्यो ।

अटो चालक दाइले त मेरो बारेमा जीवनी नै लेख्न लागे कि कसो, प्रश्न नै सक्किने छाँटकाट देखिदैन त ! मनमनै भनेँ । र केहीछिनको चुप्पीपछि फेरि उहाँको मुख खुल्यो, तपाईंहरुको त दिदीबहिनी सबै उत्रै उस्तै है को कान्छी, को साइली छुट्याउनै गाह्रो ! होइन त ?

हा..हा ! 'हो नि, झुक्किन्छन् मान्छेहरु प्रायः' मैले दिक्क मानेझैँ गरी भनेँ । त्यसैबिच उहाँको फेरि अर्को प्रश्न थपियो, 'कतिजना दिदीबहिनी रे तपाईंहरुको ?'..!

# मेरो विद्यालय



**सृष्टि खतिवडा**

दुईवटा अग्ला भवनहरु रहेको
कापी किताब बोकी विद्यालय गएको ॥

चिन्छन् सबले यसलाई रेड रोज भनी
जान्छु पढ्न सधैं यही स्कुलमा म पनि ॥

अध्ययन गर्न सबै विद्यालय आएको
चारैतिर सुन्दर हरियाली छाएको ॥

गाउने, खेल्ने, पढ्ने सबै काम गर्छन्
आदर गरी सबैसँग राम्ररी बोल्छन् ॥

प्रिती गाँसी सबैजना मिलिजुली बस्छन्
मीठो मिठो खानेकुरा मिलेर खान्छन् ॥

शिक्षकले भनेको सबैकुरा मान्ने
कति ज्ञानी विद्यार्थी रेड रोजका भन्ने ॥

ज्ञान आर्जन गर्न विद्यालय आएँ
सबै राम्रा कुराहरू यहीबाट पाएँ ॥

सबैलाई धेरै माया गर्ने गुरु
पढ्न लेख्न यहीबाट गरेँ मैले सुरु ॥

*कक्षा-७, रेडरोज इङ्गिलस सेकेण्डरी बोर्डिङ स्कुल, हेटौंडा-१६*

# मेरो देश

हिमालको काखमा छ प्यारो मेरो देश ।
सय थरि जातजाति सय थरि भेष ॥

उतरमा हिमाल राम्रो दक्षिणमा तराई ।
हामी सबै नेपाली हौं कोहि छैनौं पराई ॥

प्रकृतिको सुन्दरता आहा ! कति राम्रो ।
सबैभन्दा अग्लो शिखर सगरमाथा हाम्रो ॥

वन, जङ्गल, खोला, झरना हिमालको छाया ।
आफु भन्दा प्यारो लाग्छ मेरो देशको माया ॥



**युनिशा दर्लामी मगर**

कक्षा-६, जिएस निकेतन मावि, हेटौंडा-५

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं
The Voice of Community

# दिवास्वप्न: पुस्तकमाथि मेरो गिद्दे नजर



**रिमा घिमिरे**




## पुस्तक समीक्षा

दिवास्वन एक गुजराति लेखकद्वारा लेखिएको र अङ्ग्रेजी तथा नेपाली भाषामा अनुवाद गरिएको पुस्तक हो । उनको वास्तविक नाम भने गिरिजाशङ्कर भगवानजी बधे हो । यस पुस्तकभित्र भने उनी शङ्कर सरले चिरपरिचित छन् । शङ्कर सर नै यस पुस्तकका मुख्य पात्र तथा हिरो हुन् । वास्तवमा कथाभित्र पनि उनी शिक्षा डायरेक्टर, जिल्ला शिक्षा अधिकारी, प्रधानाध्यापक तथा विद्यालयका केही शिक्षक तथा विद्यार्थीका नजरमा हिरो भएर चिनिएका छन् । शिक्षण पद्धतिमा परिवर्तन ल्याउन चालेका उनका महत्वपूर्ण कदम तथा उनको गहिरो चिन्तन, शिक्षाप्रतिको लगाव र उनको आफैँप्रतिको आत्मविश्वासकै कारण उनी सबैको नजरमा हिरो बन्न पुगेका छन् । जब लेखकलाई पुरानो पद्धतिको शिक्षामा परिवर्तन ल्याउन नयाँ नयाँ प्रयोग गर्ने एक प्रकारको अनौठो भूत सवार भयो । तब उनी आफैँ जिल्ला शिक्षा अधिकारीकहाँ प्राथमिक तहका विद्यार्थीलाई पढाउने अनुमति पत्र लिन पुगेँ । कल्पना र भावको मिश्रण गरी कविता कथा र साहित्य लेख्नु जति सजिलो काम अध्यापन गराउनु नरहेको मान्यता बोकेका जिल्ला शिक्षा अधिकारी लेखक गिरिजाशङ्करको कुरा सुनेर केही समय विस्मित भएर लेखकतिर हेर्छन् र प्राथमिक तहका केटाकेटीलाई अध्यापन गराउने कुरा चानचुने नरहेको हुँदा उनले स्पष्ट लवजमा तपाईं नपढाउनुहोस् भन्ने अग्रह गर्छन् तर बालशिक्षामा नयाँ प्रयोग गरेर शिक्षा क्षेत्रमा क्रान्ति ल्याउने दृढ् सङ्कलप बोकेका लेखक गिरिजाशङ्करले पनि हार मान्दैनन उनी पढाउने अनुमति जसरी पनि चाहियो भनेर निरन्तर जिद्दी गर्छन् र अन्तत उनी एउटा विद्यालयमा प्राथमिक तह अर्थात कक्षा चारमा पढाउने शिक्षकमा नियुक्त हुन्छन् । विद्यालयको पहिलो दिन त उनलाई खानाको पहिलो गाँसमा नै परेको ढुङ्गा सरह भयो जति सजिलो कार्य मानेर र ठुला (ठुला सपना बोकेर उनी कक्षाकोठामा छिरेका थिए त्यति सजिलो कक्षाकोठा सम्हाल्न उनलाई भएको थिएन । शान्तिको खेल खेलाउँदा नै विद्यार्थीले गरेको व्यवहार देखेर मलिन अनुहार लगाएर, निराश भएर उभिएका शङ्कर सरको त्यो निरिह अनुहार म यता पुस्तक पढ्दा कल्पना गरिरहेकी थिए । पेशाले शिक्षक भएकी र धेरै वर्ष देखि यस पेशामा अनुभव बटुलेकी म पनि प्रथम पटक नवोदय विद्यालयका कक्षा तीनमा अध्यापन गराउन जाँदा म आफैँ अतालिएकी कुरा मेरो स्मृतीमा त्यसबखत फनफनी घुमिरहेको थियो ।

कल्पनामा कुनै कुरा वा काम गर्न जति सहज हुन्छ यथार्थमा भने ती कुरा कहिलेकाहिँ निकै कठिन हुन्छन् किनभने हामी कल्पनामा परिस्थिति हाम्रो इच्छाद्वारा निर्माण गर्छौं भने यथार्थमा परिस्थिति अनुसार आफूलाई परिवर्तन गरेर हिँड्नु पर्ने हुन्छ । फेरि कुरा गरौं शङ्कर सरकै सपनाको पहिलो प्रयास विफल हुँदा उनी जरूर केही हडबडाए, अलिकति निरास भए, थोरै दुःखी पनि भए तर उनले हार मानेनन बरू योजना परिवर्तन गरे । बालबालिका पढ्नमा भन्दा खेल्न र कथा सुन्नमा चाख राख्दछन् भन्ने बालमनोविज्ञान राम्ररी बुझेका शङ्कर सरले पनि कक्षामा सर्वप्रथम कथा सुनाएर नै बालबालिकाको ध्यान आफूतिर आकृष्ट पारेर बिस्तारै बालबालिकासँग घुलमिल हुने वातावरण सिर्जना गरेर शिक्षक विद्यार्थी दुइबिचको दुरी घटाए । उनको यो योजना र धैर्यलाईचाहिँ मान्नै पर्छ । उनले बालबालिकाले पढ्ने कथाको पुस्तक जोहो गर्न गरेको त्यो अथक परिश्रमप्रति म भावविभोर भएँ । झन उनले पुस्तकालय नै निर्माण गरेको कुरा पढेर कुनै कार्य गर्ने इच्छाशक्ति दृढ भएँ मार्ग आफैँ बन्दै जान्छ भन्ने भनाइ साँचो हो झैँ लाग्यो । विद्यार्थीलाई सफासुग्घर राख्न गर्नुपरेको त्यो सकसले पनि मेरो मन छोयो । अरू शिक्षकले सिर्कना लगाएर र सुगालाई रटाएझैँ रटाएर र घोटाएर पढाइरहँदा अनेक बाधा विपद् आइरहँदा पनि शङ्कर सर निरन्तर प्रयोगको विधिमा बैरा नाचे अप्ने ताल भनेझैँ एकसुरले अगाडि बढिरहे । खेल खेलाउँदा एउटा विद्यार्थीको टाउको फुटेपछि झेल्नु परेको तनाव, अनि सरहरू र अभिभावकको सुन्नु परेको वचनले पनि शङ्कर सर विचलित भएनन । उनले शिक्षामा प्रयोग जारी नै राखिरहे । मलाई अचम्म लागिरहेछ कसरी शङ्कर सरले इतिहासजस्तो विषयलाई पनि कथाको माध्यमले बुझाएर ती कलिला मस्तिष्कमा ज्ञान भरे होलान् । म यो पुस्तक पढ्दा ठाउँठाउँमा कल्पनामा डुब्दै पनि थिए नदी किनारमा रमाइलो गरिरहँदा ती केटाकेटी कति रमाइरहेका थिए होलान् । कसैले बेसुरको आवाजमा गीत गाउँदा कुनै साथीहरू कति हाँसिरहेका थिए होलान कसरी उनीहरूले गीत गाउने अभ्यास गर्दागर्दै कविता पनि लयमा वाचन गर्न सिकिभ्याएछन् । शङ्कर सरले व्याकरण पढाउन प्रयोग गरेका खेलविधिहरू पनि निकै रोचक थिए उनले नाम शब्द चिनाउन वस्तुहरू उठाएर ल्याउन लगाएका थिए । भर्खरै मात्र व्याकरणमा नाम पढाउँदा मैले केटाकेटीलाई वस्तुहरू अवलोकन गराएकी थिएँ र केटाकेटीले सोचेभन्दा धेरै वस्तुहरू चिनेर नामको बारेमा बुझेका थिए । राम्रो पनि गरेका थिए । सर्वनाम पढाउने तरिका भने उनको र मेरो अलिकति फरक रह्यो । म क्रियापद खेलको माध्यमबाट कसरी पढाउन सकिन्छ होला ? भनेर सोच्दै थिए । यो पुस्तक पढ्दा मलाई त्यो युक्ति पनि फुरिहाल्यो शङ्कर सरलाई म त्यसका लागि धन्यवाद दिन चाहन्छु । बालबालिकाद्वारा निर्मित वस्तुहरू सङ्कलन गर्न लगाइ ती वस्तुहरू सङ्ग्रह गरेर राख्न लगाएर ती वस्तुहरू बालबालिकाको इच्छा अनुरूप नै सुसज्जित गरेर राख्ने व्यवस्था मिलाएर एउटा सङ्ग्राहलय नै निर्माण गरेर शङ्कर सरले सबैलाई चकित नै पारिदिएका थिए । भूगोल विषयमा नदी, खोला तथा विभिन्न भूभागहरू खोज्न लगाएर ग्लोबको मद्दतले विभिन्न स्थानहरू चिनाएर भूगोल विषय पनि पढाएर भूगोल विषय नपढाएको भनेर गुनासो गरिरहनुहुने प्रधानाध्यापकको मुख पनि सजिलै बन्द गरिदिएका थिए शङ्कर सरले । अन्तत विद्यार्थीलाई कुनै पनि भाषाका परिभाषा रटाउनु भन्दा पनि नयाँ नयाँ प्रयोग विधिमार्फत पढाउन सकिन्छ भन्ने कुरा शङ्कर सरले प्रयोग गरेर नै देखाइ दिए । दृढ विश्वास, अलिकति मेहनत, अथक प्रयास र कर्तव्यनिष्ठ हुँदै लगनकासाथ इमानदारीपूर्वक कुनै पनि कार्य गर्न चाहेमा एउटा शिक्षकले जस्तोसुकै परिस्थितिमा त्यो कार्य पूरा गर्न सक्षम तथा सफल हुन्छन् भन्ने उनको दिवास्वप्नलाई उनले दिनमै पूरा गरेर देखाएका छन् । धेरै वर्ष अघि यो पुस्तक पढेकी भए तापनि मैले यसका हरेक कुरा बिर्सिसकेकी थिएँ र पुस्तक पढ्दा नयाँ पुस्तक पढिरहेकी छु भन्ने लागिरहयो । यो पुस्तक पढ्न सुरू गरेपछि मैले एक बसाइमा नै यो पुस्तक पढेर सिध्याएकी थिएँ । म शिक्षण कार्यमा नै रमाएर जीवनको यस क्षणसम्म आइपुगेकी छु र जीवनका बाँकी दिन पनि शिक्षणमा बिताउनेछु । म स्वयम् एक शिक्षक भएकीले यो पुस्तक पढ्दा धेरै ठाउँमा शङ्कर सरसँग आफूलाई भेटेकी छु । शङ्कर सरले सामना गर्नुपरेका कठिनाइ तथा चुनौतीहरूसँग मैले पनि जीवनमा साक्षात्कार गरेकी छु कहिलेकाही कुनै अभिभावकहरूको बोली व्यवहारले निकै दुःखी बनाउँछन् । कहिलेकाही आफूले गर्न खोजेको कुराको वा कामको परिणाम उल्टो पनि निस्किएका छन् । पहिला म समस्याहरूसँग र चुनौतीहरूसँग भाग्न खोज्थे भने अहिले म समस्या र चुनौतीहरूसँग लडन खोज्छु । शङ्कर सरले जस्तै हरेक ठाउँमा कार्यकलाप विधि प्रयोग गर्न नसकेता पनि धेरै ठाउँमा प्रयोग गरेकी छु र प्रयोग गरिरहने छु । म शङ्कर सरजस्तै देखाउने काममा भन्दा इमानदारीपूर्वक गरिने काममा विश्वास राख्दछु र मैले दिएको ज्ञानले बालबालिकाको भविष्य सदैब उज्जवल रहोस भन्ने कामना गर्दछु र यसप्रति सचेत पनि रहन्छु । यस कथामा उनले कुनै कुनै प्रयोग गर्न निकै समय लागेको र सबै बालबालिका अध्ययनमा मात्रै रूचि राख्ने खालका नभएका र उनीहरूमा अलगै किसिमका प्रतिभा रहेको कुरा उल्लेख गरेका छन् । प्रत्येक बालबालिकामा अन्तरनिर्हित प्रतिभा हुन्छ । शिक्षकले ती प्रतिभावान् बालबालिकाको पहिचान गरी उनीहरूको प्रतिभा प्रस्फुटन गर्ने काम गर्नु पर्दछ तथा मैत्रीपूर्ण र प्रेममय वातावरणमा शिक्षा लिन पाउनु बालबालिकाको अधिकार हो शिक्षाको नाममा दण्ड दिएर बालबालिकाको यो अधिकार खोस्ने अधिकार कुनै पनि शिक्षकको होइन भन्ने सन्देश मैले यस पुस्तकबाट प्राप्त गरेकी छु ।

शङ्कर सरको प्रयोगविधिबाट म निकै प्रभावित भएकी छु र यो पुस्तक पढेर शिक्षक भएकोमा आफैँप्रति गर्व गर्दैछु । मेरो कार्यबाट प्राप्त हुने आत्मसंतुष्टि नै मेरो पुरस्कार हो । शिक्षण पेशामा लाग्नुभएका सम्पूर्ण शिक्षक साथीहरूले यो पुस्तक एकपटक किनेर होस् अथवा मागेर होस् तर खोजेर र रोजेर अवश्य पढ्नुहोला भन्ने सुझाव दिन चाहन्छु ।

*हेटौंडा*

# विरहिणी दमयन्ती कथाको भाग-२



**निला मैनाली**

आफ्नो सैरन्ध्री र स्याहारसुसारको कर्म निभाउँदै दमयन्ती आफ्नो सर्त पूरा भएको देख्दा त्यहाँ बसिन् । तर उसको मनभने अहिलेसम्म नलकै प्रतीक्षामा थियो र हरेक ढलेको सूर्यसँगै उसको आशाका किरणहरु कम हुँदै थिए तर आशाका किरण जति कम भए तापनि नल आउँनेछ भन्ने दियो कहिले पनि निभाइनन् । यसैगरी नलको पर्खाइमै कयौं वर्ष बितिसकेको थियो । अर्को तर्फ भने नाग राजलाई अझै पनि दमयन्तीको विचार आइरहथ्यो र उनी पनि दमयन्तीलाई जङ्गल, जङ्गल भट्की खोज्दै हिँडेका थिए ।

यो त भयो दमयन्ती र नाग राजाको प्रेमको प्रतीक्षा । अझै अर्को तर्फ हेर्ने हो भने नल वन मान्छे झै भएर जङ्गलमै सबै जनावरलाई आफ्नो साथी बनाएर आफ्नो जीवन बिताउदैं थिए । तर उनलाई पनि आफ्नो श्रीमतीको यादले भने सधैँ सताइरहन्थ्यो । सबैतिर दमयन्तीसँगको यादहरू उनले देख्न लागेका थिए । ऊ के गर्दै होली के खाँदै होली भन्ने बिचारले त उनलाई सधैँ तड्पायो तर दमयन्तीको खुसीको कामना गर्दै नलले आफूलाई समहाली राखेको थिए । एकदिनको कुरा हो नलले दमयन्तीको बारे निकै नराम्रो सपना देखे । त्यसपछि उनी दमयन्तीलाई भेट्न आफ्नो ससुराली तर्फ लागे । त्यहाँ उनले एक सेवकको रूपमा काम गर्न आएको भन्ने कुरा राखे र महिला कपडामा त्यहाँ गए । त्यहाँ पुगेपछि उनले थाहापाए कि दमयन्ती त्यहाँ नआएको कयौं वर्ष भई सकेछ त्यसपछि दमयन्तीलाई खोजर ल्याउँछु भन्ने वाचा आफैँसँग गर्दै उनी दमयन्ती खोज्न हिँडे, अनि उनले पनि चेदी नगरमै दमयन्तीको ठुलीआमाको घरमा काम गर्न थाले । दमायन्ती त्यहीं कतै छिन् भन्ने आभास भएको कारण उनले त्यही बस्ने निर्णय गरे । उनलाई सर्त बाला सैरनृीको बारेमा पनि थाहा भयो । त्यही सैरनृी उनकौ दमयन्ती हो कि भन्ने शङ्का उनको मनमा आयो र उनले दमयन्तीको सबै क्रियाकलावहरू हेरी उसलाई चिने र आफू नल हो भन्ने कुरा सबैलाई बताए । त्यसपछि दमयन्ती र नल त्यहीँ आफ्नो सानो झुपडी बनाएर बस्न थाले । अनि एक आवाज दमयन्तीको कानमा आयो र उनी बिउँझिन् । नल त्यहाँ आएर सेवकको रूपमा बसेको सबै कुरा दमयन्तीको सपना भन्ने थाहा पाएर उनको भित्री मन रोयो र नयनबाट पनि आसुँका केही थोपाहरू खसे । त्यहीँ पनि दमयन्तीको प्रतीक्षा जारी नै रह्यो । त्यसै गरी कयौं वर्ष बित्यो र उनी बुढी भइन् । अन्तयमा आएर उनले थाहा पाइन् कि दमयन्तीलाई खोज्ने क्रममा नलको नाग राजासगँ भेट भएको थियो र नागको विषकै कारण नलले त्यही सदैवका लागि आफ्नो आँखा चिम्ले । यो कुरा सुनेर दमयन्ती रुँदारुँदै अर्को जन्ममा पनि नलकै प्रेमीका भएर जन्मन पाऊँ भन्दै आफ्नो अन्तिम सास छोडी । अनि त्यसपछि उनलाई फूलै फूलले भरिएको बक्समा राखी जमिनमा गाडिदियो र माथिबाट बोर्डमा विरहिणी दमयन्ती भनी लेखियो ।

*कक्षा-१२,*
*हेटौंडा स्कूल अफ म्यानेजमेन्ट*

# सबैलाई पढ्न देऊ



**आराध्या भट्टराई**

शिक्षा पाए सबैले
पाउथे कति साहरा
पाए त्यही शिक्षा
कतिले पाउथे सफलता

पूरा गरे पढाइ
पूरा गर्छु सपना
सपना पुरा गरे
मन कति खुसी होला

चाहेको सबै कुरा पाए
बाबा आमाले गर्दा
कहिले पनि साथ छोडेनन्
म द्विविधामा पर्दा

भयो यहाँ भेदभाव शिक्षामा पनि
पढ्दा त सबै एक समान
होचाइन्छ साना जातलाई
सबै कुरामा
पढ्ने कुरामा त नहेप
उसको पनि इच्छा त होनी

भयो भेदभाव शिक्षामा पनि
पढायौं सबै जात एक समान भनी
होचायौं साना जातलाई
सबै कुरामा
पढ्न देऊ उसलाई पनि

कक्षा-९, नवोदय शिशु सदन

## गाउँखाने कथा

१. बाहिर छ्यास्सछुस्स भित्र ताँती, यो शास्त्र नजान्ने खलाँते कामीको नाती ।
- मकै

२. काला–काला पिर्का माथि जन्ती बसेका भोलिपल्ट हेर्दाखेरि उठी गएका ।
- तारा

३. काला रहरमा बाक्ला नसा ।
- आँखा

४. कालो दुला रहन्छ, रातो पानी खान्छ, आइपरेको बेला लौ तब भन्छ ।
- खुकुरी

५. काला–काला सानी नानी छर्छिन् रातो पानी, त्यो पानीलाई मानिसले मिठो मानी खानी ।
- मौरीको मह

# एक्लो म



**स्मृति राई**

एक्लै छु म यहाँ
केही छैन मलाई थाहा
खुशी हुन चाहन्छु म पनि
सबै परिवारसँगै मिली

एकल हेपाइ सहनुपर्छ धेरै
बसिरहेको छु भित्र एउटै धेरै
पोख्न चाहन्छु सबै व्यथा
तर सुनिदिने को छ र मेरो कथा

संसारको रमझममा छैन मलाई मज्जा
यी सबै व्यथा बनिरहेका छन् मेरा सजा
मैले त्यस्तो के गरे र भुल
भनिदेउ न कसैले म गर्न चाहन्छु कबुल

खुशी भने छैन मेरो दुखै पीडा मात्र
आफ्नो खुट्टामा उभिन चाहन्छु म बोकी शब्दशास्त्र
धेरै छन् यहाँ खुट्टा तान्ने
एक्लो भएपनि म छु अघि बढ्ने ।

कक्षा-१०, सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी, हेटौँडा-१०

# देशको अवस्था



**सजिता गौतम**

हिमालको डाँफे मुनाल, फाँटमा रमाउँछन्
नेताहरु भोट माग्न, मिठो स्वरमा आउँछन्
नेताहरुलाई लाज हुन्न जनता सामु आउँदा
मुख कसैले खोलेनन् करोडौं घोटाला हुँदा

हाम्रो देशलाई पारे यिनले सबै लथालिङ्ग
कलकारखान जति यिनले पारे भताभुङ्ग
लुटपाट इत्याहिसा दिनहुँ अती बढ़ी राछ
सरकार भने यी कुराको मुखदर्शक भाछ

*कक्षा-१२, हेटौंडा स्कुल अफ म्यानेजमेन्ट*

# केटीको जिन्दगी त्यति सजिलो हुँदैन



**दीपिका चौधरी**

भाइकी प्यारी
तर हरेक चिन्ताबाट अनविज्ञ
अनि आमाको सपना र
बुबाको अपमान हुन्छ
के हजुरलाई थाहा छ ?
यो सानो परिहरुको
सीमाभन्दा बाहिर उडान हुँदैन
अनि जति हामी सोच्छौ नि
केटीको जिन्दगी त्यति सजिलो हुँदैन
जन्मिने बित्तिकै आमाको गहना चोरी गर्छिन्
के सही हो के गलत
हामीलाई सम्झाउन आउँछिन्
तिमी केटी हे आफ्नो ख्याल गर
संसारलाई परिवर्तन गर्न सजिलो छैन
त्यसैले पहिरनको ख्याल गर
सबैको कुरा सुन
निर्णय आफ्नो गर
सोच जुन घरमा जन्मियौ
त्यो घरमा सुरक्षित छैनौ
अनि जति हामी सोच्छौ नि
केटीको जिन्दगी त्यति सजिलो हुँदैन
सानोदेखि नै कहिले अनुहार
कहिले रङ कहिले व्यवहारलाई लिएर
नराम्रो भन्छ हामीलाई
तिमी एक्लै के गर्छौ भनेर हामीलाई रोकिन्छ
मौका मिल्ने बित्तिकै दृश्य त्यसमा जान्छ कि
कहिले जन्मिने भन्दा पहिले
नत्र बास्नाको सिकार भएमा
फोहोरमा फ्यालिदिन्छ
एउटा घरमा जन्मिनुपर्छ
अर्को घरमा जीवन बिताउनुपर्छ
आमा, भाइ, बुबा, बहिनीको माया
एक दिनमै बिर्सनुपर्छ
एउटा हातबाट सम्बन्ध छुट्छ
अर्को हातबाट सम्बन्ध मिलाउनुपर्छ
एउटा मानिसका लागि
जीवन परिवर्तन गर्नुपर्छ
तैपनि जिन्दागीभरि तिनीहरुको पहिचान हुँदैन
अनि जति हामी सोच्छौ नि
केटीको जिन्दगी त्यति सजिलो हुँदैन
सानो सानो कुरामा उनीहरुको आँखा भिज्छ
नभएको कुरामा सधै रुनुपर्छ
ललाई नाइ र नाइलाई अँ भन्नुपर्छ
मुखबाट केही भनोस या नभनोस्
तर पनि कुरा बनाइन्छ ।

कक्षा-११, हेटौँडा स्कूल अफ म्यानेजमेन्ट
हेटौँडा-४

# साताको राशिफल



**पं. ज्यो. तोयानाथ सुवेदी**
सम्पर्क : ९७४५०२८५५५

**मेष राशिः** जोखिम र संकटले भरिपूर्ण समय छ । यस समयमा नैराश्यता, दिकदारी र चिडचिडेपन बढ्न सक्छ । परिबन्ध र बाध्याताका कारण आर्थिक बोझ बढ्ने छ । गोपनियतामा विशेष ध्यान पुऱ्याउनु पर्छ । धार्मिक र परोपकारजन्य क्रियाकलापमा सरिक भइने समय योग छ । आर्थिक संकटले सताउने छ र पढाइ–लेखाइ मध्यमकारक रहेको समय छ ।

**वृष राशिः** इलेक्ट्रिक सम्बन्धी वस्तु खरिद होला । उपहार वा पुरस्कार प्राप्त हुने समय छ । विशेष ठाउँमा व्यक्तित्वको चर्चा होला । महत्वपूर्ण कामहरु सम्पादन होलान् । आफन्त र परिवारकाबीच आनन्दको माहोल होला । यात्रामा सरिक भइएला । आफूभन्दा ठूलाको आर्शिवाद प्राप्त होला । शिक्षादीक्षाको क्षेत्र पनि सबल रहला । धार्मिक र सामाजिक काममा सरिक ।

**मिथुन राशिः** आत्मबल र हौसलामा कमी आउने छैन । आफ्नै बलबुतामा केही काम सम्पादन होला । वैदेशिक प्रयोजनका कामबाट लाभ प्राप्त होला । प्रतिस्पर्धामा सामेल भइने छ । भ्रमको निवारण हुनेछ । जीवनको वास्तविक लक्ष्य पूरा गरिएला । लगानीको रकम फिर्ता होला । कार्यक्षेत्रमा समस्या आइपर्ला । विवाद र प्रतियोगितामा सरिक भइएला । पढाइ ठिकै छ ।

**कर्कट राशिः** कामका माध्यमबाट धन र मान कमाइएला । मनमा सपना, कल्पना र सिर्जना सल्बलाउँला । लक्ष्य र उदेश्यप्रति सक्रिय भएर लागि परिने छ । गलत सल्लाहबाट विशेष बच्दा राम्रो । अरुलाई विश्वास गर्नुभन्दा स्वविवेकले काम गर्दा राम्रो रहला । सेवामूलक कामबाट लाभ प्राप्त होला । सामाजिक र धार्मिक अनि परोपकारजन्य काममा सरिक भइने छ । पढाइ–लेखाइमा बाधा योग होला ।

**सिंह राशिः** निर्णयात्मक काममा ध्यान केन्द्रित नहोला । घरायसी समस्या र सुखका बारेमा चिन्तन बढ्ला । आफूभन्दा ठूलाको सल्लाहले काम गर्दा राम्रो रहला । व्यापार–व्यवसाय मध्यमकारक रहला । कार्यक्षेत्र ठिकै रहने छ । पढाइ–लेखाइ मध्यमकारक रहने छ । गोपनियतामा ख्याल गर्नुपर्ला । आडम्बर र महत्वकांक्षा नराख्दा राम्रो रहने योग छ ।

**कन्या राशिः** व्यवहारिक र सामाजिक जिम्मेवारी थपिने समय छ । साथीको काममा समय खर्च होला । पराक्रम र उत्साहमा वृद्धि हुनेछ । प्रसिद्धि बढ्ने समय योग छ । आयको पाटो सबल होला । व्यापार–व्यवसाय ठिकै रहला । आध्यात्मिक मनोभावको वृद्धि होला । आत्मसंतुष्टि र प्रसन्नता मिल्ला । पढाइ–लेखाइ ठिकै रहला ।

**तुला राशिः** स्थिर प्रयोजन र शेयर कारोबारमा लगानी बढ्ला र लाभ होला । बोलीको प्रभाव बढ्ने छ । ठिक समयमा सही निर्णय लिन सकिनेछ । सोचेको काम उचित समयमा सम्पादन होला । कार्यक्षेत्र र व्यवसाय दुवै मध्यमकारक छ । लेनदेनको सम्भावना बढ्ने छ । सापटीको हिसाब मिलान होला । अध्ययन–अध्यापन मध्यम छ ।

**वृश्चिक राशिः** उचित काममा सही निर्णय लिन सकिने छ । कामको दबाब बढ्ने छ, तर लगनशीलता र श्रमले लाभ प्राप्त होला । प्रतिष्ठित कामले आत्मविश्वास जाग्ने छ । स्वादिष्ट भोजनको योग छ । आध्यात्मिक कार्यमा समय व्यतित होला । सामाजिक र परोपकारजन्य काममा सरिक भइने छ । पढाइ– लेखाइ मध्यमकारक रहने समय छ ।

**धनु राशिः** अवसर प्राप्तिका लागी दौडधूप र परिश्रम गर्नुपर्ला । भावनालाई नियन्त्रणमा राखी व्यवहार गर्दा राम्रो । व्यापार–व्यवसाय प्रतिस्पर्धामा चल्ला । कारोबारमा लगानी बढाउनु पर्ला । कर्तव्य र जिम्मेवारी प्रति सजगता अपनाउनु पर्ला । मनोमालिन्य बढ्ने समय छ । पढाइ–लेखाइमा ध्यान नजाला । सामाजिक र धार्मिक कृत्यमा सरिक भइने समय छ ।

**मकर राशिः** लगनशीलता र मिहिनेतले पुरस्कार हातपर्ला । आत्मविश्वास र सुदृढ लक्ष्यका कारण सफलता प्राप्त । रचनात्मक र सिर्जनात्मक कामबाट लाभ र सरिक भइने छ । साधनाबाट भविष्य सुदृढ बन्ला । नयाँ काम शुरु गर्ने समय छ । महत्वहीन काममा शक्ति र समय खर्च नगर्दा राम्रो । धार्मिक र सामाजिक काममा सरिक । भूमि सम्बन्धी काम होला ।

**कुम्भ राशिः** परिश्रमले राम्रो प्रतिफल प्राप्त होला । ठूला व्यक्तिको सेवा चाकरी गर्ने समय छ । रचनात्मक काममा सरिक भइएला । दुरगामी भविष्यमा केही न केही फाइदा हुनेछ । अभिभावक र जीवनसाथीको माया प्राप्त होला । समस्या र कठिनाई हल होला । प्रतिष्ठामा वृद्धि हुनेछ । अध्ययन–अध्यापन ठिकै रहला । धार्मिक र परोपकारजन्य क्रियाकलापमा सरिक भइने छ ।

**मीन राशिः** आध्यात्मिक भावनाको जागृति हुने समय योग छ । सांसारिक दौडधूपप्रति वितृष्णा जाग्न सक्छ । कल्यात्मक चिजबिजमा आकर्षण बढ्ने समय छ । घरपरिवारमा घुलमिल भइएला । ध्यानपूर्वक बोल्नुपर्ला । लक्ष्यप्राप्तिको मार्गमा सफल भइने समय छ । व्यर्थका काममा अल्मलिएर बस्ने योग छ । धार्मिक र सामाजिक काममा सरिक भइने छ ।

DURBAR AGROMART

We Are Open
DURBAR MART

Hetauda–4,
Shitalmahal road




हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्याबरोटरी

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

स्वादिष्ट नेवारी खाजा



अब

होटल बासुकला (फास्टफुड) मा

स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।

नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायत

**सुख्खा रोटी, आलु पराठा, फ्राइ राइस, मटन मम, बिरयानी, कोन डग, सेकुवा, चिकेन क्रन्ची,**

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३

# प्रथम त्रैमासिक परीक्षाको नतिजा प्रकाशन सुरु



हेटौँडा-१६, हटियास्थित जनप्रिय माविका विद्यार्थी र अभिभावक प्रथम त्रैमासिक परीक्षाको नतीजा हेर्दै ।

जमुना थिङ

हेटौँडाः हेटौँडा उपमहानगरभित्र रहेका विद्यालयहरुले प्रथम त्रैमासिक परीक्षाको नतिजा प्रकाशन सुरु गरेका छन् । वर्षे बिदामा बन्द भएका विद्यालयहरु खुलेसँगै साउन महिनामा लिइएको प्रथम त्रैमासिक परीक्षाको नतिजा प्रकाशन सुरु गरिएको हो ।

हेटौंडा–११, डाड्डुङ्गेस्थित आनन्दभैरब आधारभूत विद्यालयले शुक्रबार प्रथम त्रैमासिक परीक्षाको नतिजा प्रकाशन गरेको छ । विद्यालयका प्रधानाध्यापक कृष्ण खनालका अनुसार अभिभावकको उपस्थितिमा विद्यार्थीको नतिजा प्रकाशन गरिएको हो ।

गत साउन ९ गतेदेखि १७ गतेसम्म सञ्चालन भएको प्रथम त्रैमासिक परीक्षामा विद्यालयका कक्षा १ देखि ८ सम्मका एक सय ५० जना विद्यार्थीले परीक्षा दिएका थिए । ती विद्यार्थीको नतिजा समग्ररुपमा हेर्दा कमजोर देखिन्छ । निम्नमाध्यमिक तहका विद्यार्थीको नतिजा बढी कमजोर देखिएको छ । प्रधानाध्यापक खनालले भन्नुभयो– 'तर प्राथमिक तहका विद्यार्थीको नतिजा अलि राम्रो देखिएको छ ।'

कक्षा १ देखि ५ सम्मका विद्यार्थीको नतिजालाई हेर्दा करिब ६० प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । यस्तै, कक्षा ६ देखि ८ सम्मका विद्यार्थीको नतिजालाई हेर्दा करिब ३०–३५ प्रतिशत विद्यार्थीमात्र उत्तीर्ण भएका छन् । पढ्ने वातावरण तथा पढ्ने बानी नहुँदा नतिजा कमजोर देखिएको उहाँले बताउनुभयो । माथिल्लो कक्षा पुगेपछि समूह–समूह बनाएर अनावश्यक छलफल तथा कुरा गर्न विद्यार्थी व्यस्त हुने र पढाइबारे कम चासो राख्ने गर्दा पढाइ कमजोर हुँदै गइरहेको उहाँको भनाइ छ ।

शैक्षिक सुधारका लागि अभिभावकको उपस्थितिमा नतिजा प्रकाशन गर्न सुरु गरिएको बताइएको छ । अभिभावकहरुले पनि विद्यालयको उक्त प्रयासलाई सहयोग गरिरहेका छन् । घरमा नियमित पढ्ने वातावरण निर्माण गर्न र विद्यालय पठाउने कुरामा अभिभावकहरुले सहयोग गर्ने बताएका छन् । कमजोर विद्यार्थीलाई अभिभावक, शिक्षक र विद्यालयको समन्वयमा अतिरिक्त कक्षा सञ्चालनको तयारी भइरहेको छ ।

अनुशासित विद्यार्थी निर्माणका लागि स्काउट टूप सञ्चालन गर्ने तयारी भइरहेको छ । हेटौंडा उपमहानगरपालिकाको बालमैत्री स्थानीय शासनलाई सहयोग पुग्नेगरी विद्यालयलाई बालमैत्री बनाउने प्रयास भइरहेको उहाँले जानकारी दिनुभयो । सरसफाईदेखि पर्चा पम्प्लेट निर्माण, वितरण र टाँस गर्ने कार्य गरिरहेको उहाँको भनाइ छ । यसले विद्यार्थीलाई सकारात्क अभ्यास तथा सहयोगी भावना निर्माणका लागि सहयोग पुग्ने उहाँले बताउनुभयो ।

हेटौंडा–४ स्थित भूटनदेवी माध्यमिक विद्यालयले पनि प्रथम त्रैमासिक परीक्षाको नतिजा प्रकाशन गरेको छ । ईसीडीदेखि कक्षा १० सम्मका विद्यार्थीको प्रथम त्रैमासिक परीक्षाको नतिजा अभिभावकको उपस्थितिमा प्रकाशन गरिएको छ । विद्यालयका सहायक प्रधानाध्यापक भरत पोखरेलले समग्रमा परीक्षाको नतिजा हेर्दा उत्कृष्ट रहेको बताउनुभयो । 'ए प्लस ल्याउने विद्यार्थीको संख्या राम्रो रहेको छ', पोखरेलले भन्नुभयो– 'प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीले ६४ दशमलव ५३ प्रतिशतदेखि १०० प्रतिशतसम्म अंक ल्याई उत्तीर्ण भएका छन् ।'

केजी कक्षाका जोशेस धिमाल र सुशान्तप्रसाद यादवले १०० प्रतिशत अंक ल्याई विद्यालय टप गरेका छन् । भूटनदेवी माध्यमिक विद्यालयका परीक्षा शाखा प्रमुख तथा शिक्षक खडानन्द चौलागाईले १६ सय विद्यार्थीले परीक्षा दिएको बताउनुभयो । जसमा तराईका विद्यार्थीको सबैभन्दा बढी उपस्थिति थियो । सोहीअनुसार सबैभन्दा बढी उत्कृष्ट अंक ल्याउने विद्यार्थी तराईको रहेको उहाँले जानकारी दिनुभयो । अनुत्तीर्ण हुने विद्यार्थीको संख्या करिब ३ प्रतिशत रहेको बताइएको छ ।

हेटौंडा–१, चाईनाक्वाटरस्थित अमर माध्यमिक विद्यालयले अर्को साता परीक्षाको नतिजा प्रकाशनको तयारी गरिरहेको बताएको छ । परीक्षाको नतिजा प्रकाशनको अन्तिम तयारी भइरहेको र अर्को साता प्रकाशन गरिहाल्ने विद्यालयका प्रधानाध्यापक मालती उप्रेतीले बताउनुभयो । शुक्रबारीय क्रियाकलापअन्तर्गत् विद्यालयले वृक्षरोपण र सरसफाई कार्यक्रम गरेको छ । यस्तै, २९ गते वडा नम्बर १ लाई बालमैत्री वडा घोषणको तयारीअनुरुप शनिबार पनि सचेतना र्‍याली कार्यक्रम रहेको उहाँको भनाइ छ ।

यस्तै, हेटौंडा–४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयमा पनि अर्को साता परीक्षाको नतिजा प्रकाशन गर्ने तयारी भइरहेको छ । विद्यालयका सहायक प्रधानाध्यापक दीपक अधिकारीका अनुसार परीक्षाको नतिजाको अन्तिम तयारी भइरहेको छ । यस्तै, शुक्रबारीय क्रियाकलापअन्तर्गत् कक्षागतरुपमा समान्य अतिरिक्त क्रियाकलाप भएको उहाँले बताउनुभयो । हेटौंडामा ७३ वटा सामुदायिक र ४८ वटा संस्थागत विद्यालय छन् ।

## वक्तृत्वकलामा सविता प्रथम

समाज संवाददाता

हेटौँडाः हेटौँडा-६, चौघडास्थित वंशगोपाल बहुमुखी क्याम्पसमा भएको वक्तृत्वकला प्रतियोगितामा हेटौँडा क्याम्पसकी सविता दंगाल सर्वोत्कृष्ट भएकी छिन् ।

'बालशोषणमुक्त समाज निर्माणमा विद्यार्थीको भूमिका' विषयक् वक्तृत्वकला प्रतियोगितामा वंशगोपाल माविकी प्रशिक्षा तिमल्सिना द्वितीय र सिद्धार्थ माविकी सीता बर्तौला तृतीय भएका छन् भने वंशगोपाल माविकी प्रेक्षा तिमल्सिनाले सान्त्वना पुरस्कार पाएकी छिन् । वक्तृत्वकला प्रतियोगिता अनेरास्ववियु वंशगोपाल क्याम्पस कमिटीले आयोजना गरेको हो । प्रतियोगितामा सिद्धार्थ मावि, वंशगोपाल मावि, हेटौँडा क्याम्पस र वंशगोपाल बहुमुखी क्याम्पसका विद्यार्थी सहभागी थिए ।

## सितोरियो कराते संघ नगर कमिटी गठन

समाज संवाददाता

हेटौँडाः नेपाल सितोरियो कराते संघको नगर कमिटी गठन गरिएको छ । शुक्रबार हेटौँडा–४ स्थित परिजातपथमा रहेको बहुद्देश्यीय कभर्ड हलमा आयोजित कार्यक्रममा कमिटी गठन गरिएको हो ।

नेपाल सितोरियो कराते संघको जिल्ला अध्यक्ष विकास बानियाँको अध्यक्षता तथा नेपाल कराते महासंघ जिल्ला उपाध्यक्ष भुवन खनालको रोहबरमा ११ सदस्यीय संघको नगर कमिटी गठन गरिएको छ । कमिटीको अध्यक्षमा दामोदर दहाल, उपध्यक्ष प्रशान्त पाठक, सचिव विकास श्रेष्ठ र कोषाध्यक्ष प्रमिला तामाङ ठकुरी चयन हुनुभएको छ । यस्तै, सदस्यमा डेबिटबहादुर तामाङ, दिवस तामाङ, राजेन्द्रराज लो, समर न्यौपाने, राजन राना मगर, दीपक लामा र रुपम लामा चयन हुनुभएको छ ।

हेटौँडा उपमहानगरपालिकाबाट जिल्ला प्रतिनिधिहरु ५ जना छनौट गरिएको छ । दीपक लामा, रुपक लामा, प्रमिला तामाङ ठकुरी, दामोदर दहाल र विकास श्रेष्ठलाई जिल्ला प्रतिनिधिमा चयन गरिएको छ ।

मकवानपुर जिल्ला कराते प्रशिक्षक तकेन्द्रमान श्रेष्ठ, मुकुन्दमान श्रेष्ठ, नरेन्द्र श्रेष्ठ र नगरभित्रका विभिन्न कराते डोजोबाट कराते प्रशिक्षक तथा खेलाडीहरुको उपस्थितिमा कमिटी गठन गरिएको नेपाल सितोरियो कराते संघका सचिव विकास श्रेष्ठले जानकारी दिनुभयो ।

# विद्यार्थी पुरस्कृत, अभिभावक सम्मानित



विद्यार्थी र अभिभावकलाई एक साथ पुरस्कार र सम्मान गरिँदै ।

समाज संवाददाता

हेटौंडाः हेटौंडा–४, कर्रास्थित श्रमिक माविका विद्यार्थी पुरस्कृत भएका छन् भने अभिभावक सम्मानित भएका छन् । शैक्षिक सत्र २०७९ को वार्षिक परीक्षामा कक्षागत प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई शैक्षिक सामग्रीसहित सम्मान गरिएको हो भने विद्यार्थीको पठनपाठनमा सहयोग गर्ने अभिभावकलाई खादा लगाएर सम्मान गरिएको छ ।

विद्यालयसँगै घरमा पनि उपयुक्त वातावरण आवश्यक रहने र त्यसका लागि अभिभावकलाई जिम्मेवार बनाउन उनीहरुलाई पनि सम्मान गरिएको विद्यालयका प्रधानाध्यापक श्रीराम दाहालले जानकारी दिनुभएको छ । शुक्रबार विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विवेक कार्कीको अध्यक्षता तथा वडा अध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो ।

शैक्षिक सत्र २०७९ मा अनुशासित विद्यार्थी कक्षा–६ की स्नेहा यादव र नियमित विद्यार्थी कक्षा–१० का रजित गोपालीलाई पनि विद्यालयले पुरस्कृत गरेको छ । यसैबीच विद्यालयले चालु शैक्षिक सत्रको प्रथम त्रैमासिक परीक्षाको नतिजा सार्वजनिक गरेको छ । विद्यालयले विद्यार्थीको उत्तरपुस्तिकासहित अभिभावकलाई नतिजा वितरण गरेको छ । प्रथम त्रैमासिक परीक्षामा कक्षागत प्रथम विद्यार्थीलाई पनि पुरस्कृत गरिएको छ ।

प्रथम त्रैमासिकमा नर्सरीमा योकसा रोक्का, प्रेमिसा बिश्वकर्मा र आरुषी बुढा उत्कृष्ट भएका छन् । केजीमा आशीषराज यादव, अंग्रेजी माध्यम १ कक्षामा पिंकीकुमारी साह, २ कक्षामा राजु लेहरा, ५ कक्षामा आरोही यादव, ६ कक्षामा विकास गुप्ता प्रथम भएका छन् भने नेपाली माध्यम १ कक्षामा अरमान मोहम्मद, २ कक्षामा विक्की यादव, ३ कक्षामा आइसा खातुन, ४ कक्षामा दिवस बुढा, ५ कक्षामा ज्यास्मिन खातुन, ६ कक्षामा सफिना खातुन, ७ कक्षामा आर्यन चौरसिया, ८ कक्षामा अनिक गुप्ता, ९ कक्षामा प्रगति माली र १० कक्षामा आलोककुमार राम प्रथम भएका छन् ।

१० कक्षासम्म पठनपाठन हुने श्रमिक माविमा ४ सय ५० जना विद्यार्थी अध्ययनरत छन् । विद्यालयले शुक्रबार नै छात्रवृत्ति रकम पनि वितरण गरेको छ । १ सय ५५ जना विद्यार्थीलाई जनही ४ सय रुपैयाँका दरले छात्रवृत्ति रकम वितरण गरिएको हो ।

# क्रियाशील विद्यार्थीद्वारा शैक्षिक सामग्री सहयोग

समाज संवाददाता

हेटौँडाः हेटौँडा-४, कर्रास्थित श्रमिक माविका पूर्वविद्यार्थीहरुको श्रमिक क्रियाशील विद्यार्थी समूहले २३ जना विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरेको छ । शुक्रबार विद्यालयले प्रथम त्रैमासिक परीक्षाको नतीजा सार्वजनिक गर्ने क्रममा श्रमिक क्रियाशील विद्यार्थी समूहले शैक्षिक सामग्री सहयोग गरेको हो ।

विद्यार्थी समूहले २३ जना विद्यार्थीलाई छात्रवृत्ति समेत प्रदान गरेको छ । वार्षिक शैक्षिक सहयोग शूल्क वापत विद्यार्थी समूहले २३ जना विद्यार्थीको ५० हजार १ सय रुपैयाँ विद्यालयलाई बुझाएको छ । शुक्रबार ३० हजार रुपैयाँ बराबरको शैक्षिक सामग्री विद्यार्थीलाई हस्तान्तरण गरिएको श्रमिक क्रियाशील विद्यार्थी समूहका सचिव सुशान्त भण्डारीले जानकारी दिनुभयो । शुक्रबार प्रतिविद्यार्थी २ दर्जन कापी, २ दर्जन पेन र एउटा जियोमेट्री बक्स हस्तान्तरण गरिएको छ । आफूले शिक्षा लिएको विद्यालयमा नयाँ पुस्ताका विद्यार्थीलाई सहयोग गरिएको सचिव भण्डारी बताउनुहुन्छ ।

# तेस्रो मिस्टर मकवानपुर हुने

समाज संवाददाता

हेटौँडाः शारीरिक सुगठन तथा फिट्नेसमा उत्कृष्ट व्यक्तित्व चयन गर्ने उद्देश्यले तौल समूहका प्रतिस्पर्धासहित मिस्टर मकवानपुर हुने भएको छ । नेपाल शारीरिक सुगठन तथा फिट्नेस संघ मकवानपुरको आयोजनामा तेस्रो संस्करणको मिस्टर मकवानपुर हुने भएको हो ।

आगामी असोज १३ गते हुने प्रतियोगिताको उपाधि विजेताले एक लाख रुपियाँ प्राप्त गर्नेछ । प्रतियोगितामा दोस्रो र तेस्रो हुनेले क्रमशः ५० हजार र ३० हजार रुपैयाँ प्राप्त गर्ने आयोजकले जानकारी दिएको छ ।

शुक्रबार हेटौँडामा पत्रकार सम्मेलनको आयोजना गरेर आयोजकले प्रतियोगिताको बारेमा जानकारी गराएको छ । प्रतियोगितामा ५५, ६०, ६५, ७० र ७५ केजीभन्दा बढी तौल समूहमा खेलाडीहरुलाई प्रतिस्पर्धा गराइने बताइएको छ । प्रत्येक तौल समूहको प्रतिस्पर्धाका विजेतालाई १० हजार रुपैयाँ प्रदान गरिने नेपाल शारीरिक सुगठन तथा फिट्नेस संघ मकवानपुरका अध्यक्ष राजेश भेटवालले जानकारी दिनुभएको छ ।

हेटौँडा–२ स्थित पल्पसा हलमा हुने कार्यक्रममा मकवानपुर जिल्लाका ६ वटा क्लबबाट ५० जना खेलाडीको सहभागिता रहने अनुमान आयोजकको छ । बढी खेलाडी सहभागी गराउने क्लबलाई प्रोत्साहनस्वरुप नगद २५ हजार रुपैयाँसहित सम्मान गरिने बताइएको छ । शारीरिक सुगठन खेलप्रति महिलाको संलग्नता वृद्धि गर्न यस वर्ष एउटै तौल समूहमा महिलाहरुको प्रतिस्पर्धा गराइने जानकारी दिइएको छ ।

संघका उपाध्यक्ष सुनिल लोप्चनको संयोजकत्वमा मिस्टर मकवानपुरको आयोजक समिति गठन गरिएको छ । १२ लाख रुपैयाँ लागत अनुमान गरिएको कार्यक्रममा पत्रकारिता, सामाजिक सेवा, खेलकुद, शिक्षा क्षेत्रका एक–एक जनालाई सम्मान गरिने बताइएको छ । संघले यसअघि २०६६ सालमा पहिलो मिस्टर मकवानपुर आयोजना गरेको थियो । त्यसपछि २०७५ सालमा मिस्टर मकवानपुरको दोस्रो संस्करण आयोजना गरिएकोमा त्यसपछिका वर्षहरुमा कोभिड–१९ तथा अन्य कारण प्रतियोगिता आयोजना गर्न नसकेको आयोजकले जनाएको छ । आगामी वर्षहरुमा नियमित कार्यक्रम सञ्चालन गरिने अध्यक्ष भेटवालले जानकारी दिनुभयो ।

समृद्ध समाज राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

सूचना ! सूचना !! सूचना !!!

यहि आउँदो भदौ १६ गते काठमाडौँ शहिद गङ्गालाल हृदय केन्द्र काठमाडौँबाट वरिष्ठ मुटु रोग विशेषज्ञ डा. बिवेक बानिया आउनु हुने भएकोले मुटु सम्बन्धि समस्या भएको, उच्च रक्तचाप (High blood pressure) कोलेस्ट्रोल सम्बन्धि समस्या भएको नयाँ तथा पुरानो बिरामीहरुले सम्पर्क गर्नु होला ।

हाम्रो सेवाहरू

- Echo (मुटुको video X-ray) सेवा
- ECG, video X-ray सेवा
- प्याथोलोजी सेवा
- फिजियो थेरापी सेवा
- दाँत सम्बन्धि सम्पूर्ण रोग उपचार
- छाला तथा यौन रोग विशेषज्ञ सेवा
- स्त्री तथा प्रसुति सेवा सम्बन्धि
- नाक, कान तथा घाँटी रोग सम्बन्धि सेवा




सम्पर्क: मकवानपुर पोलिक्लिनिक
हेटौंडा–१, भिन्तुनापथ
०५७–५२५८०१, ९८४५२३७६११, ९८०७१३१३६४
(सन्चो हस्पिटल अगाडी, मकवानपुर सहकारी हस्पिटल सङ्गै)

हातेमालो बचत तथा ऋण सहकारी संस्था लि.
हेटौंडा–२, संगमचोक, मकवानपुरको, फोन : ०५७–५२६५२१

१७ औं वार्षिक साधारण सभासम्बन्धी सूचना !

आदरणीय शेयर सदस्य महानुभावहरु,

यस संस्थाको १७ औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा हुने व्यहोराको सूचना सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई पत्रमार्फत् पाठाई सकिएको छ, यदी पत्र प्राप्त नभएको भए यसै सूचनालाई आधार मानेर सभामा अनिवार्य उपस्थितिको लागि अनुरोध गरिन्छ ।

साधारण सभा हुने :
मिति : २०८०/०५/२३ गते शनिबार, समय : बिहान १०:०० बजे ।, स्थान : रोयल पार्टी प्यालेस, हेटौंडा–४
(नोट : यो वर्ष अधिवेशन वर्ष भएकोले निर्वाचन तालिका निम्नानुसार रहेको जानकारी गराईन्छ ।)

निर्वाचन कार्यक्रम

| मिति | समय | कार्यक्रम |
|---|---|---|
| २०८०/०५/०१ | कार्यालय समय | मतदाता नामावली प्रकाशन |
| २०८०/०५/०२ देखि ५ गते | १०:००–५:०० बजेसम्म | छुट नाम दर्ता, सच्याउने वा हटाउने |
| २०८०/०५/०९ | १०:००–५:०० बजेसम्म | अन्तिम नामावली प्रकाशन |
| २०८०/०५/१० | १०:००–५:०० बजेसम्म | उम्मेदवारी दर्ता |
| २०८०/०५/१० | ५:००–६:०० बजेसम्म | उम्मेदवारको नामावली प्रकाशन |
| २०८०/०५/१६ गतेसम्म | १०:००–५:०० बजेसम्म | दावी विरोध र उम्मेदवारी नाम फिर्ता |
| २०८०/०५/२० | १०:००–१:०० सम्म बजेसम्म | दावी विरोध उपर छानविन र उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशन |
| २०८०/०५/२३ | १२ बजे (५ बजे सम्म | मतदान कार्यक्रम |
| २०८०/०५/२३ | मतदान सकिएको १ घन्टा पछिबाट | मतगणना |
| २०८०/०५/२३ | मतगणना पछि | निर्वाचन परिणाम घोषणा र सपथ ग्रहण |
| २०८०/०५/२४ | विहान ८:०० बजे | सपथ ग्रहण |

कार्यक्रम समापन

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ